(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाल वायुसेवा निगम ऐन, २०१९

लालमोहर र प्रकाशन मिति
२०१९।१२।३०

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | शाही नेपाल वायुसेवा निगम (पहिलो संशोधन) ऐन, २०२० | २०२०।११।१६ |
| २. | शाही नेपाल वायुसेवा निगम (दोस्रो संशोधन) ऐन, २०२६ | २०२६।५।१९ |
| ३. | शाही नेपाल वायुसेवा निगम (तेस्रो संशोधन) ऐन, २०३४ | २०३४।९।१८ |
| ४. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ५. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[*] | २०६६।१०।७ |
| ६. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०१९ सालको ऐन नं. ५४

[2]..................

[2]............ नेपाल वायुसेवा निगम ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना: सर्वसाधारण जनताको सुविधा कायम राख्न शाही नेपाल वायुसेवा निगम ऐन, २०१४ लाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

---

* यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "2........... नेपाल वायुसेवा निगम ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल 2........... भर र अन्त जहाँसुकै भए रहेपनि यस ऐन अन्तर्गत स्थापना भएको निगम र त्यसको शाखा तथा त्यसबाट हुने काम र त्यसमा काम गर्ने व्यक्ति समेतको सम्बन्धमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "वायुयान" भन्नाले हावाको प्रतिकृयाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र यो शब्दले यन्त्रचालित गाँसिएका वा नगाँसिएको बेलुन, हवाईजहाज, चङ्गा, ग्लाइडर र यस्तै उड्ने अन्य यन्त्रलाई समेत जनाउँछ ।

(ख) "हवाई यातायात सेवा" भन्नाले एक वा बढी उडान गरी, व्यक्ति, डाँक वा अरु कुनै जीव वस्तु वा चीजलाई हवाईमार्गद्वारा भाडा लिई ओसारपसार गर्ने सेवा सम्झनु पर्छ ।

(ग) "निगमका सम्बन्धमा सहकारी" भन्नाले दफा १३ को उपदफा (२) को खण्ड (ज) अन्तर्गत निगमसँग सम्झौता भएको कुनै व्यक्ति वा निगमको कुनै सहायक अङ्ग सम्झनु पर्छ ।

(घ) "निगम" भन्नाले यस ऐन अन्तर्गत स्थापना र गठन गरिएको 2......... नेपाल वायुसेवा निगम सम्झनु पर्छ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

■(घ१) "समिति" भन्नाले निगमको सञ्चालक समिति सम्झनु पर्छ ।

■(घ२) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

▶(ङ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(च) "महाप्रबन्धक" भन्नाले यो ऐन अन्तर्गत नियुक्त भएको महाप्रबन्धक सम्झनु पर्छ ।

▶(छ) "निर्धारित (सेडुल्ड) हवाई यातायात सेवा" भन्नाले सर्वसाधारण जनताले उपभोग गर्न पाउने गरी निगमले कुनै निर्धारित स्थानहरुको बीच प्रकाशित समय तालिका (टाइम टेवल) बमोजिम नियमित रूपमा चलाइएको हवाई यातायात सेवा सम्झनु पर्छ ।

(ज) ➔...............

परिच्छेद – २

<u>संस्थापन, पूँजी र व्यवस्था</u>

३. <u>निगमको स्थापना</u>: (१) [2]............ नेपाल वायुसेवा निगम नामको एक निगम स्थापित हुनेछ ।

(२) निगम अविच्छिन्न उत्तराधिकारवाला एक संगठित र स्वशासित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । सो संस्थाले यस ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न राख्न र नामसारी गर्न सक्नेछ । सो संस्थाले आफ्नो नामबाट नालिश उजुर गर्न र यस उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्छ ।

कानून व्यवसाय तथा संसदीय मामिला मन्त्रालय

■ तेस्रो संशोधनद्वारा थप ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।
2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३)निगमको प्रधान कर्यालय काठमाडौं वा नेपाल सरकारले तोकेको कुनै ठाउँमा रहनेछ र निगमले नेपाल 2............ भित्र वा बाहिर आफ्ना शाखाहरु स्थापना गर्न सक्नेछ ।

▶४. समिति र सञ्चालकहरुको कार्यावधिः (१) निगमको कार्य सञ्चालनको निमित्त नेपाल सरकारले महाप्रबन्धक नियुक्त भएको अवस्थामा समेत निज लगायत बढीमा सात जना सदस्यहरु भएको एक सञ्चालक समिति गठन गर्नेछ । नेपाल सरकारले आवश्यक देखेमा सञ्चालकमा वाणिज्य, अर्थ तथा लेखाशास्त्रमा ख्याति प्राप्त वा उड्डयन तथा पर्यटन प्रवर्द्धन सम्बन्धी क्षेत्रमा अनुभव प्राप्त गैरसरकारी व्यक्तिलाई पनि नियुक्त गर्न सक्नेछ ।

(२) महाप्रबन्धक बाहेक अन्य सञ्चालकको कार्यावधि चार वर्षको हुनेछ र कार्यावधि समाप्त भएको सञ्चालक पुनः नियुक्तिको लागि ग्राह्य हुनेछ । तर गैर सरकारी व्यक्तिलाई भने साधारणतया अर्को एक कार्यावधिको लागि मात्र पुनः नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले चाहेमा कुनै सञ्चालकलाई निजको कार्यावधि समाप्त नहुँदै पनि हटाउन सक्नेछ ।

(४) सञ्चालकहरु मध्येबाट नेपाल सरकारले समितिको अध्यक्ष र उपाध्यक्ष नियुक्त गर्न सक्नेछ । अध्यक्ष र उपाध्यक्षको हैसियतमा निजहरुको कार्यावधि नेपाल सरकारको इच्छा अनुसार हुनेछ ।

(५) नेपाल सरकारले चाहेमा समितिको अध्यक्ष, उपाध्यक्ष वा कुनै सञ्चालकलाई यो ऐन बमोजिम महाप्रबन्धकको काम, कर्तव्य समेत सुम्पी कार्यकारी अध्यक्ष, कार्यकारी उपाध्यक्ष वा कार्यकारी सञ्चालकको रूपमा नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त भएको कार्यकारी अध्यक्ष, कार्यकारी

कानून तथा न्याय मन्त्रालय (watermark)

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

उपाध्यक्ष वा कार्यकारी सञ्चालकको तलब, भत्ता र सेवाका अन्य शर्तहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(६) समितिको सचिवले समितिको निर्णय प्रमाणित गर्नेछ ।

(७) उपदफा (२) बमोजिम कार्यावधि समाप्त हुनुभन्दा ६ महिना अघि सम्बन्धित मन्त्रालयले समितिमा राख्ने सञ्चालकहरुको नाम नेपाल सरकारमा प्रस्तावित गर्नेछ ।

✂५. निगमको अधिकृत मूल धनः निगमको अधिकृत मूल धन ५ करोडको हुनेछ र समितिको सिफारिसमा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढाउन सक्नेछ ।

▶६. महाप्रबन्धकको नियुक्तिः (१) निगमको कार्यकारी अध्यक्ष, कार्यकारी उपाध्यक्ष वा कार्यकारी सञ्चालक नियुक्त नभएको अवस्थामा नेपाल सरकारले महाप्रबन्धक नियुक्त गर्नेछ । निजको तलब, भत्ता र सेवाका अन्य शर्तहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(२) महाप्रबन्धकको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

(३) महाप्रबन्धकको कार्यावधि चार वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको कार्यावधि दुई वर्षसम्म बढाउन वा अर्को कार्यावधिको निमित्त पुनः नियुक्त गर्न सक्नेछ ।

७. व्यवस्थाः (१) नेपाल सरकारले निगमको राय लिई राष्ट्र हितलाई ख्यालमा राखी आवश्यक देखिएमा समय समयमा आफूले आवश्यक ठहराएको निर्देशन निगमलाई दिन सक्नेछ । त्यस्तो प्रत्येक निर्देशनको पालन गर्नु निगमको कर्तव्य हुनेछ ।

(२) निगमको सबै काम कारबाहीहरुको रेखदेख, निर्देशन र व्यवस्था समितिले गर्नेछ । नेपाल सरकारबाट स्वीकृति लिई गर्नु पर्ने

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियमहरुमा स्पष्ट लेखिए बाहेक अरु कुराका सम्बन्धमा निगमलाई भएका सबै अधिकारहरुको प्रयोग र कर्तव्यहरुको पालन समितिले गर्नेछ ।

तर, समितिले यो ऐन वा यस ऐन अन्तर्गतका नियम वा विनियमहरुमा लेखिएको आफ्नो कर्तव्य र अधिकारहरु मध्ये आफूले आवश्यक एवं उचित देखेका कर्तव्य र अधिकारहरु केही शर्त तोकी वा नतोकी महाप्रबन्धक वा उपसमिति वा निगमका अरु पदाधिकारीले आफैले वा तिनबाट आफू मुनिका पदाधिकारीलाई सुम्पी पालन तथा प्रयोग गर्ने गराउने गरी सुम्पन सक्नेछ ।

■(३) निगमले यस ऐन अन्तर्गत विनियम बनाई सञ्चालकहरुको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न सक्नेछ ।

■(४) उपदफा (३) बमोजिम सञ्चालकहरुको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको अवस्थामा अध्यक्षले सञ्चालकहरुको काम, कारबाहीको मूल्याङ्कन गरी प्रत्येक वर्ष नेपाल सरकारमा प्रतिवेदन पेश गर्नु पर्नेछ । त्यस्तो मूल्याङ्कन प्रतिवेदनको आधारमा नेपाल सरकारले कुनै सञ्चालकको अवधि थपघट गर्न सक्नेछ ।

✂८. <u>महाप्रबन्धक र सञ्चालकको अयोग्यता</u>: देहायका कुनै व्यक्ति महाप्रबन्धक वा सञ्चालक हुन सक्ने छैनः–

(क) महाप्रबन्धक बाहेक निगमको कुनै कर्मचारी वा सल्लाहकार, वा

►(ख) निगमबाट ठेक्का पट्टा लिएको व्यक्ति, वा

(ग) ऋण तिर्न नसकी टाट उल्टेको व्यक्ति, वा

(घ) बहुलाएको वा मानसिक सन्तुलन रहित व्यक्ति, वा

---

■ तेस्रो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

► तेस्रो संशोधनद्वारा संशोधित ।

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा कैदको सजाय पाएको व्यक्ति ।

९. <u>महाप्रबन्धक र सञ्चालकलाई पदबाट हटाउन सकिने अवस्था:</u> नेपाल सरकारले देहायको अवस्थामा व्यवस्थापक वा कुनै सञ्चालकलाई पदबाट हटाउन सक्नेछः–

(क) दफा ८ मा उल्लिखित कुनै अयोग्यताको अवस्था पर्न आएमा, वा

(ख) समितिको अनुमति नलिई समितिको सभामा लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा र यस्तो अनुपस्थितिको कारण नेपाल सरकारको विचारमा मनासिव नलागेमा, वा

(ग) दफा २१ उल्लङ्घन गरेमा वा दफा २५ अन्तर्गत सजाय हुने कसूरमा सजाय पाएमा, वा

▶(घ) दफा २२ उल्लङ्घन गरेको प्रमाणित भएमा ।

१०. <u>महाप्रबन्धक वा सञ्चालकको पदत्याग र बीच बीचमा खालि हुने पदहरुको पूर्ति:</u> (१) महाप्रबन्धक वा कुनै सञ्चालकले नेपाल सरकारलाई लिखित सूचना दिई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ र राजीनामा स्वीकृत भएपछि निजले पदत्याग गरेको मानिने छ ।

(२) महाप्रबन्धक वा कुनै सञ्चालकको पद अवधि समाप्त हुनु अगावै कुनै कारणले बीचमा खाली हुन आएमा मनोनयन वा अर्को नियुक्तिद्वारा सो स्थानको पूर्ति गरिनेछ । तर यसरी नियुक्ति भएको व्यक्ति आफ्नो साविकवालाको बाँकी अवधिसम्म मात्र सो पदमा बहाल रहनेछ ।

(३)समितिमा कुनै सञ्चालकको स्थान रिक्त भई वा समितिको गठनमा कुनै त्रुटि भई काम कारबाही भएको रहेछ भने तापनि सोही कारणले मात्र त्यस्तो कारबाही बदर हुन सक्दैन ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।



कानून किताब व्यवस्था समिति

▶११. समितिको बैठकः (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको स्थान र समयमा बस्नेछ ।

(२) तत्काल कायम रहेका सञ्चालकहरुको कुल सङ्ख्याको आधा भन्दा बढी सञ्चालकहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्ष भए निजले र निज नभएको अवस्थामा उपस्थित सञ्चालकहरुले छानेको सञ्चालकले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतद्वारा निर्णय गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत समेत दिनेछ ।

(५)कम्तीमा तीनजना सञ्चालकहरुले समितिको बैठक बोलाउन अनुरोध गरेमा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षले जहिले सुकै पनि बैठक बोलाउनु पर्नेछ ।

१२. अस्थायी नियुक्तिः बिरामी परी बिदामा बसी वा अरु कारण परी केही समय महाप्रबन्धक वा सञ्चालकले निगमको काम गर्न नसक्ने भएमा निज उपस्थित हुन नसकेसम्म निजले गर्नुपर्ने काम गर्नको लागि नेपाल सरकारले ■कुनै व्यक्तिलाई सो स्थानमा अस्थायी नियुक्ति गर्न सक्नेछ ।

## परिच्छेद – ३

## निगमको काम, कर्तव्य र अधिकार

१३. निगमको काम, कर्तव्य र अधिकारः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुका अधीनमा रही नेपाल [2]......... भर वा बाहिर सर्वत्र सुरक्षित कुशल, सुव्यवस्थित, किफायत र उचित रुपबाट सम्बन्धित हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको कर्तव्य हुनेछ । हवाई यातायात

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

सेवालाई अधिक से अधिक फाईदा हुने गरी विकास गर्दै लैजाने र सकभर सुपथ भाडामा सो सेवा सुलभ हुने गर्न निगमले आफ्नो अधिकारको प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी निगमले विशेष गरेर देहायमा लेखिएका अधिकारहरु प्रयोग गर्न सक्नेछः–

(क) व्यापारिक वा अन्य उद्देश्यले कुनै हवाई यातायात सेवा चलाउने वा वायुयानको उडान गर्ने र हवाई सेवा सम्बन्धी सबै प्रकारको काम गर्ने,

(ख) निगममा नियुक्ति हुन इच्छुक वा अरु कुनै व्यक्तिहरुलाई वायुयानको उडान र तत्सम्बन्धी सबै प्रकारका काम कुरामा शिक्षण तथा प्रशिक्षणको व्यवस्था गर्ने,

(ग) आवश्यक परेमा निगमको यस ऐन अन्तर्गत आफूले गर्न पाउने हवाई सेवा सम्बन्धी कुनै काम गर्न नेपाल सरकारको पूर्व स्वीकृति लिई नेपाल [2]......... बाहिरको हवाई संस्थाको सहयोग तथा सेवा प्राप्त गर्ने,

(घ) चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने, राख्ने, बेचविखन गर्ने, नामसारी गर्ने र अरु कुनै हवाई यातायात सम्बन्धी काम गर्ने,

(ङ) आफ्नो वा अरु कुनै व्यक्तिको वायुयान, सवारी वा अन्य कलपूर्जाहरु बनाउने, मरमत गर्ने र उत्पादन गर्ने,

(च) यस ऐन अन्तर्गत आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालनमा मद्दत गर्ने किसिमको सबै ठेक्का पट्टाहरु लिने दिने कार्यान्वित गर्ने,

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(छ) अन्य कुनै व्यक्तिद्वारा सञ्चालित हवाई यातायात सेवा सम्बन्धी कुराहरुमा एजेण्ट र ठेकदारको काम गर्ने,

(ज) हवाई यातायातमा लागिरहेका कुनै व्यक्तिले निगमको तर्फबाट वा निगमसँग मिली हवाई यातायात सेवा चलाउन सक्ने गर्न निजसँग कबुलियत गर्ने,

(झ) नेपाल सरकारको पूर्व स्वीकृति लिई आफूले सञ्चालन गरेका हवाई यातायात सेवाद्वारा ओसारपसार गरेको यात्री सवारी भाडा र अरु निर्धारित दस्तुर असुल गर्ने,

(ञ) नेपाल सरकारको पूर्व स्वीकृति लिई आफूले सञ्चालन गरेका हवाई यातायात सेवाद्वारा ओसारपसार गरेका मालसामानहरुको भाडा निर्धारित गर्ने,

(ट) सहायक (फिडर) सेवाको विकास र हवाई यातायात सेवामा प्रयोग हुने विभिन्न वायुयानहरुको किसिमको सुधार ल्याउनको साथै नेपाल [2].......... भित्र वा बाहिर निगमद्वारा सञ्चालित हवाई यातायात सेवाको विकास गर्न आवश्यक कदम उठाउने,

▶(ठ) निगमको हित हुने कुनै काम गर्न वा निगमद्वारा सञ्चालित हवाई यातायात सेवासित सम्बन्धित जल वा स्थल मार्गबाट कुनै यातायात सेवा तथा भोजन, विश्रामगृह, होटल, माल गोदाम जस्ता सेवा सुविधाको व्यवस्था तथा सुधार गर्न आवश्यक काम गर्ने, र

(ड) यस ऐनद्वारा प्रदत्त कर्तव्यको पालन र अधिकारको प्रयोग गर्न आवश्यक एवं सुविधाजनक भएका सबै कामहरु गर्ने ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(३) यस दफामा लेखिएका कुनै कुराले,–

(क) निगमलाई तत्काल लागू रहेको कुनै नेपाल कानूनको उल्लङ्घन गर्न अधिकृत गरेको, वा

(ख) निगम वा त्यसको कर्मचारीहरुले अन्यथा पालन गर्नु नपर्ने कुनै कर्तव्य वा बोक्न नपर्ने कुनै दायित्वको सम्बन्धमा निजहरु उपर कुनै कारबाही उठाउन कुनै व्यक्तिलाई अधिकार दिएको मानिने छैन ।

१४. <u>निगमले गर्न सक्ने काम कारबाही:</u> (१) निगमले आफ्नो कामको उचित सम्पादनको निमित्त मनासिब एवं आवश्यक भएका सबै कामहरु गर्न सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी निगमले देहायका काम कारबाहीहरु गर्न सक्नेछः–

(क) निगमको सम्पत्ति धितोबन्धक राखी अरुसँग सापटी लिने,

(ख) निगमको कुनै सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरु प्रकारको वर बन्दोबस्त गर्ने,

(ग) निगममा डिपोजिट गर्न ल्याएको सरकारी रकमको सम्बन्धमा नेपाल सरकारको आदेश बमोजिम नेपाल सरकारको तर्फबाट कारोबार गर्ने,

(घ) ▶<u>विदेशी मुलुकहरुबाट निगमलाई</u> मान्यता प्रदान गराउने र निगम प्रति जनताको विश्वास बढाउने,

(ङ) यस ऐनमा उल्लिखित विभिन्न प्रकारका कार्यको सम्पादनको सिलसिलामा परिआउने अरु सबै काम कुरा गर्ने ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

१५. <u>निर्धारित (सेडुल्ड) हवाई यातायात सेवा सञ्चालन गर्ने एकाधिकार:</u> (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि निगम वा त्यसको सहकारी बाहेक अरु कसैले नेपाल [2].......... भित्र आउने वा नेपाल [2].......... बाहिर जाने वा नेपाल [2].......... को एक स्थानबाट अर्को स्थानमा जाने गरी कुनै निर्धारित (सेडुल्ड) हवाई यातायात सेवाको सञ्चालन गर्न पाउने छैन । तर यस दफामा लेखिएको कुनै कुराले कुनै व्यक्तिको देहायको अधिकारलाई सीमित गर्न सक्ने छैनः–

(क) नेपाल सरकारले आवश्यक सम्झेको नेपाल [2].......... भित्र वा बाहिरका विभिन्न ठाउँहरुमा आवश्यकता अनुसार हवाई यातायातको सेवा सञ्चालन गर्न निगम समर्थ भई नसकेसम्म त्यस्तो आवश्यकताको पूर्तिका लागि नेपाल सरकारले अवधि तोकी इजाजत दिएमा त्यसरी इजाजत पाउने व्यक्ति वा कुनै विदेशी मुलुकको सरकार र नेपाल सरकारका बीच भएका सम्झौता बमोजिम हवाई यातायातको सेवा सञ्चालन गर्न वा यो ऐन प्रारम्भ नहुँदै नेपाल सरकारसँग सम्झौता गरी त्यस्तो हवाई यातायातको सेवा सञ्चालन गरी राखेकोमा सो सम्झौताको अवधिसम्म सञ्चालन गर्न, वा

(ख) वायुयान चालकहरुको काम तथा कर्तव्य सम्बन्धी शिक्षा दिने वा वायुयान नियन्त्रकले वायुयान जाँच्ने मूल उद्देश्यले यात्रुहरुलाई राखी वायुयान उडाउने, वा

(ग) कुनै दैवी प्रकोप लागेको बेलामा सहायता पुऱ्याउनको लागि यात्री तथा मालसामान ओसारपसार गर्ने, वा

(घ) बीचमा कहीं नउत्रीकन एक हवाई अड्डा वा स्थानबाट उडान गरी सोही हवाई अड्डा वा स्थानमा उत्रने गरी मनोरञ्जनको लागि मात्र हवाई उडान गर्ने वा हवाई

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

सर्भे गर्ने, आगो निभाउने र बालीमा रसायनादि छर्ने, सलह नियन्त्रण गर्ने उद्देश्यले वा सो सरहका अरु हवाई कार्यको निमित्त मात्र यात्री तथा सामान ओसारपसार गर्ने ।

(२) यस दफालाई उल्लङ्घन गरी कसैले निर्धारित हवाई यातायातको सञ्चालन गरेमा निजलाई प्रत्येक पटकको कसूरको लागि ने.रु. १,०००।– (एक हजार) सम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

स्पष्टीकरण: यस दफाको तात्पर्यको लागि प्रत्येक उडानलाई छुट्टाछुट्टै कसूर मानिने छ ।

(३) उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशको (क) मा उल्लिखित सम्झौताको अवधि भुक्तान भएपछि पुनः थप म्याद (अवधि) बढाउन पर्ने भएमा वा यो ऐन लागू भएपछि अरु कुनै किसिमबाट कुनै व्यक्ति वा कम्पनी वा विदेशी मुलुकको सरकारलाई नयाँ हवाई यातायातको सञ्चालन गर्न दिनु पर्ने भएमा निगमको राय लिई नेपाल सरकारले इजाजत दिने कुराको निर्णय गर्नेछ ।

(४) निगमले नेपाल सरकारबाट स्वीकृत दिएको भन्दा बढी क्षेत्रमा आफ्नो सेवाको काम बढाउन वा गर्न नेपाल सरकारको पूर्व स्वीकृत लिनु पर्छ ।

## परिच्छेद –४

## कोष, हिसाब र लेखा परीक्षण

१६. निगमको कोष: (१) निगमको एक छुट्टै आफ्नो कोष रहनेछ । निगमको सबै आम्दानी सोही कोषमा जम्मा गरिनेछ र सबै खर्च सोही कोषबाट व्यहोरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✂(२) निगमले आफ्नो कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्क रहेको ठाउँमा भए सोही बैंकमा र नेपाल राष्ट्र बैंक नरहेको ठाउँमा भए समितिले तोकिदिएको बैंकमा राखेछ । निगमको काम कारबाहीलाई विदेशमा पनि कोष राख्नु परेमा नेपाल राष्ट्र बैंकले सिफारिस गरेको बैंकमा नेपाल सरकारको स्वीकृति लिई राखेछ ।

स्पष्टीकरण: बैंक भन्नाले बैंकको शाखा, प्रशाखा समेतलाई जनाउँछ ।

■१६क. चार महिनाभित्र वासलात तयार पारी लेखापरीक्षण गराउनु पर्नेः निगमको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र निगमले आफ्नो वासलात तथा नाफा नोक्सानीको विवरण तयार पारी लेखापरीक्षण समेत गराउनु पर्नेछ ।

▶१७. लेखापरीक्षण: निगमको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१८. लाभहानिः हरेक आर्थिक वर्षको अन्तमा सो वर्षमा हुन आएको मुनाफाबाट रिजर्भ डिप्रिसिएशन र यस्तै आवश्यक अरु रकम निगमका तजवीजले पर सारिसकेपछि बाँकी रहन आएको रकम नेपाल सरकारमा दाखिल गरिनेछ । कथंकदाचित नोक्सानी हुन आएमा त्यसको पूर्ति नेपाल सरकारबाट गरिनेछ ।

१९. हानि नोक्सानी बारे निगमका अधिकारीहरुको जवाफदेहीः निगमका सञ्चालक, महाप्रबन्धक र कर्मचारीले पाएको अख्तियारी बमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानी जानी बेहिसाब गरेको रहेनछ भने पर्न आएको हानि नोक्सानी बापत निजहरु व्यक्तिगतरुपले जवाफदेही हुने छैनन् । तर कसैले यो ऐन अन्तर्गत बनेका नियम प्रतिकूल काम गरेबाट भएको दण्ड सजाय व्यहोर्नमा यस दफाको कुनै कुराले बाधा दिएको मानिने छैन ।

कानून तथा संसदीय मामिला मन्त्रालय

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

## परिच्छेद –५

## विविध

▶२०. सञ्चालकलाई निलम्बन गर्ने नेपाल सरकारको अधिकारः यस ऐन अन्तर्गत कुनै सञ्चालकलाई लागेको आरोपको जाँचबुझ गर्नको लागि आवश्यक भए नेपाल सरकारले त्यस्तो सञ्चालकलाई निलम्बन गर्न सक्नेछ र त्यसरी निलम्बन भएको सञ्चालकको जाँचबुझको कारबाही समाप्त नहुन्जेल त्यस्तो सञ्चालकको सट्टा अरु कुनै व्यक्तिलाई सञ्चालक नियुक्त गर्न सक्नेछ ।

२१. प्रतिबन्धः (१) निगमसँग हुने कुनै ठेक्का पट्टामा निगमको सञ्चालक वा महाप्रबन्धक वा कर्मचारीले भाग लिन पाउँदैन र निगमसँग ठेक्का पट्टा लिने कसैले यिनीहरुलाई हिस्सेदारमा राख्नु हुँदैन ।

(२)उपदफा (१) ले मनाही गरेको काम कसैले गरेको ठहरिन आएमा त्यस्तो ठेक्का पट्टा बदर हुनेछ र त्यस ठेक्का पट्टाको सम्बन्धमा कुनै किसिमको खर्च वा हर्जानाको दावा त्यसरी ठेक्का पट्टा लिनेले वा लिनेको तर्फबाट कसैले गर्न पाउने छैन ।

स्पष्टीकरणः देहायको अवस्थामा निगमको व्यवस्थापक वा सञ्चालक वा कर्मचारी हिस्सेदार भएको मानिने छः–

(क) निगमसँग हुने ठेक्का पट्टामा निजको आफ्नै वा सगोलको परिवारको कुनै सदस्यको तर्फबाट वा आफू मेनेजिङ्ग डाइरेक्टर वा एजेण्ट रहेको कम्पनीको तर्फबाट निजको नाम हिस्सेदारको रूपमा सम्मिलित भएकोमा, वा

(ख) निगमसँग हुने ठेक्का पट्टाको हिस्सेदार भएको कुनै फर्म वा प्राइभेट लिमिटेड कम्पनीका निज शेयरहोल्डर भै राखेकोमा ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

२२. गोप्य राख्ने र विश्वासघात नगर्ने कुराहरुको प्रतिज्ञा गर्नु पर्नेः पद सम्हाल्नु भन्दा अघि नै निगमका प्रत्येक सञ्चालक, महाप्रबन्धक ➔............ पदाधिकारी र अरु कर्मचारीले ▶अनुसूची बमोजिमको शपथ लिनु पर्नेछ ।

२३. मध्यस्थद्वारा झगडाको निर्णयः (१) ➔........... समिति, महाप्रबन्धक वा निगमका अरु पदाधिकारीहरु वा कर्मचारीहरु मध्ये कसैको आपसमा भैराखेको शर्तनामाका सम्बन्धमा कुनै झगडा भएमा सो झगडाको निर्णय अवस्थानुसार नेपाल सरकारले तोकेको एकजना मध्यस्थले मात्र गर्नेछ ।

(२) निर्णयको लागि उपदफा (१) अन्तर्गत मध्यस्थ छेउ पठाएको झगडाका सम्बन्धमा साक्षी प्रमाण बुझ्ने, पक्ष विपक्षलाई उपस्थित गराउने र लिखतहरु पेश गराउने कुरामा अदालतलाई भए सरहको अधिकार मध्यस्थलाई हुनेछ ।

(३)मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुबै पक्षहरु उपर मान्य हुनेछ ।

२४. विघटनः निगम नेपाल सरकारको आदेश बिना विघटन हुने छैन । विघटन हुनु परेमा नेपाल सरकारले यस विषय दिएको निर्णय बमोजिम हुनेछ ।

२५. दण्ड सजायः (१) कुनै व्यक्तिले यस ऐन अन्तर्गत नियुक्ति भएको लेखापरीक्षक वा निजबाट अधिकार पाएको एकाउण्टेण्ट वा अरु कर्मचारीलाई निजको काम काजमा बाधा पुऱ्याएमा वा निजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिकार बमोजिम मागेको कागजपत्र वा सूचना कुनै मनासिव कारण बिना नदिएमा वा दिन लापरवाही गरेमा निजलाई बढीमा ने. रु.१,०००।–(एक हजार) सम्म जरिबाना हुनेछ ।

(२) यस ऐन अन्तर्गत निगमले दिएको सुविधाको निमित्त निगमसँग धरौटी राखिएको वा राख्न लागेको कुनै बिल अफ लेडिंग, गोदामको रसिद वा अरु कुनै लिखतमा कुनै व्यक्तिले जानी जानी झुट्टा व्यहोरा पारेमा वा

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून तथा संसदीय मामिला मन्त्रालय

जानी जानी पार्न लगाएमा सो व्यक्तिलाई दुई वर्षसम्म कैद वा ने.रु. २,०००।– (दुई हजार) सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) कुनै व्यक्तिले निगमको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा निगमको नाम प्रयोग गरेमा निजलाई एक वर्षसम्म कैद वा ने. रु.१,०००।– (एक हजार) सम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

(४) तत्काल निगम, महाप्रबन्धक, सञ्चालक वा कर्मचारी रहेको कुनै व्यक्तिले दफा २१ उल्लङ्घन गरी कुनै ठेक्का पट्टामा भाग लिएमा वा हिस्सेदार भएमा निजलाई एक वर्षसम्म कैद वा ने.रु. १०००।– (एक हजार) सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(५) निगमबाट सोही कामको निमित्त अधिकृत अधिकृतको हस्ताक्षर भएको लिखित उजुरी पेश भएमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूरका सम्बन्धमा कुनै अदालतले मुद्दा हेर्न सक्ने छैन ।

तर यस उपदफाको कुनै कुराले पनि नेपाल सरकारबाट कारबाही गर्न वा कारबाही गराई माग्ने अधिकारमा बाधा पुऱ्याउने छैन ।

(६) यो ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कारबाही र किनारा गर्ने अधिकारक्षेत्र उच्च अदालतलाई हुनेछ ।

▶२६. वार्षिक प्रतिवेदनः दफा १७ बमोजिम निगमको हिसाबको लेखा परीक्षण भई त्यसको प्रतिवेदन प्राप्त भएको दुई महिनाभित्र महाप्रबन्धकले निगमको वार्षिक प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ । त्यसरी पेश भएको प्रतिवेदनको सम्बन्धमा एक महिनाभित्र समितिले विचार गरी आफ्नो ठहर सहित नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

▶२७. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

❐२७क. विनियम बनाउने अधिकारः आफ्नो सबै काम कारबाही व्यवस्थित गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही निगमले विनियम बनाउन सक्नेछ ।

तर देहायका विषयमा विनियम बनाउँदा निगमले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछः–

(क) सञ्चालकको काम, कर्तव्य र अधिकार तोक्ने,

(ख) निगमका कर्मचारीहरुको तलब, भत्ता, उपदान, निवृत्तभरण र कल्याणकारी कोष व्यवस्थित गर्ने ।

२८. बाझिएमा गर्नेः यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२९. खारेजी र मान्यताः ✱(१) शाही नेपाल वायुसेवा निगम ऐन, २०१४ खारेज गरिएको छ ।

✱(२) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले गरिएको निगम सम्बन्धी सबै काम कारबाहीहरु यही ऐन अन्तर्गत भए गरे सरह मानिने छ ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

दृष्टव्यः (१) शाही नेपाल वायु सेवा निगम (दोस्रो संशोधन) ऐन, २०२६ द्वारा रुपान्तर भएका शब्दहरुः–
(क) "प्रशासक" को सट्टा "व्यवस्थापक" ।
(ख) "कर्पोरेशन" को सट्टा "निगम" ।
(ग) "रोयल नेपाल एयर लाईन्स कर्पोरेशन" को सट्टा "शाही नेपाल वायु सेवा निगम" ।

(२) शाही नेपाल वायु सेवा निगम (तेस्रो संशोधन) ऐन, २०३४ द्वारा रुपान्तर भएका शब्दहरुः–
(क) "व्यवस्थापक" को सट्टा "महाप्रबन्धक" ।
(ख) "सभा" को सट्टा "बैठक" ।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(४) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः–



कानून तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची

(दफा २२ सँग सम्बन्धित)

### इमान्दारी र गोपनीयताको प्रतिज्ञा

म ............................ प्रतिज्ञा गर्दछु कि निगमको सञ्चालक वा महाप्रबन्धक वा कर्मचारी वा लेखापरीक्षकको हैसियतबाट निगममा आफ्नो पद सम्बन्धी समुचा काम कुरामा आफ्नो योग्यता औ क्षमताले भेटेसम्म परीआएको कर्तव्यको पालन इमान्दारीपूर्वक र सत्य निष्ठाले गर्नेछु ।

म पुनः प्रतिज्ञा गर्दछु कि कुनै अनधिकृत व्यक्तिलाई निगम सम्बन्धी कुनै सूचना प्रकाश गर्न वा गर्न लगाउन वा निगमको अधीनमा रहेको र निगम सम्बन्धी कुनै किताब वा कागजपत्र निरीक्षण वा ग्रहण गर्न दिनेछैन ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

*(मिति २०७९।९।१९ गते अद्यावधिक गरेको)*

“पुनरावेदन अदालत” को सट्टा “उच्च अदालत” ।